श्री

# कालिकोट जिल्ला अदालत,
# कालिकोट

## सवारी साधन लिलाम विक्रि गर्ने सम्बन्धी जरुरी सूचना

चौथो पटक सूचना प्रकाशन मिति २०७९।०५।०६

सर्वोच्च अदालतबाट हस्तान्तरण भई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएको जिप आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम न्यूनतम मूल्य नघटने गरी डाँक बढाबढबाट लिलाम विक्रि सम्वन्धि प्रथम पटक मिति २०७८/०८/०३, दोस्रो पटक २०७८/०८/१२, तेस्रो पटक मिति २०७९।०४।२९ गतेको सूचना अनुसार तोकिएको मितिमा कुनै पनि फर्म तथा व्यक्तिले यस अदालतमा बोलपत्र पेश नगरेको हुँदा पुन चौथो पटक लिलाम विक्रि गर्ने गरी मिति २०७९/०५/०६ गतेको निर्णयअनुसार तपसिल बमोजिमको सवारी साधन मिति २०७९ साल भदौ १० गते लिलाम हुने गरी यो सवारी साधन लिलाम विक्रि सम्बन्धि सूचना चौथो पटक प्रकाशित गरिएको छ। लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरुबाट डाँक बढाबढको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | जि.खा.पा.न. | जिन्सि सामानको विवरण | मोडेल नं./इन्जिन नं. | उत्पादन वर्ष | न्यनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३४ | बा १ झ ७६९१ | मोडेल नं. -2007 Sumo इन्जिन नं.- 483DL51CSZ708531 चेसिज नं.- 418107CSZ917894 | २००७ | ७५,०००। (पचहत्तर हजार मात्र) | |

सेस्तेदार
(उपसचिव)

## शर्तहरु

१. बोलपत्र खोलिने समय र स्थान मिति २०७९/०५/१० गते दिउँसो ३:०० बजे यस अदालतमा बोलपत्रदाता र निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिने छ ।बोलपत्रदाता वा निजका प्रतिनिधिहरु नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खोल्नेदिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोहि समय र स्थानमा हुनेछ ।

३. बोलपत्रमा दररेट अंक र अक्षर स्पष्ट लेख्नुपर्ने छ ।अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षेरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. लिलाममा सहभागि हुन चाहने व्यक्ति वा फर्मले सुचना प्रकाशित भएको मिति देखि मिति २०७९/०५/०९ गते दिनको १:०० बजे सम्ममा नेपाली नागरिकताको प्रमाणपत्र, फर्म भए करचुक्ता प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ता प्रमाण प्रत्रको प्रतिलिपि संग्लन गरि बोलपत्र फारम दस्तुर रु २,०००। फिर्ता नहुने गरी यस अदालतमा बुझाई बोलपत्र फारम खरिद गर्न सकिने छ ।

५. खरिद गरिएका बोलपत्र फारामहरु मिति २०७९/०५/०९ गते दिनको ५:०० बजे सम्म बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछापलगाई यस अदालतको प्रशासन शाखामा दर्ता गराई सक्नुपर्ने छ। सो समय व्यतित गराई दर्ता गराउन ल्याउने व्यक्ति वा फर्मको बोलपत्र दर्ता गरिने छैन ।

६. लिलामआफुले कबुल गरकै अंकको १० प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय. कालिकोटको राष्ट्रिय वाणिज्य बैंक. मान्म शाखामा रहेको धरौटी खाता नम्बर ४१२०१००१०२०३००००, कार्यालय कोड नं ३०५०१६५०१ मा नगदै जम्मा गरी सोको सक्कलै भौचर साथै राखि पेश गर्नुपर्ने छ ।लिलाम सम्पन हुदा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा फर्म बाहेक अन्यको धरौटि रकम फिर्ता गरिने छ ।

७. डाँक सकार गरी लिनेले ७ दिन भित्र बाँकि रकम र लिलाम सकार गरेको अंकको १३ प्रतिशत मुल्य अभिवृद्धिकर समेत दाखिला गरि १५ दिन भित्र जो जुन अबस्थामा छ सोही अवस्थामा सवारी साधन उठाई लैजानु पर्ने छ। ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम दाखिला नगरेमा राखिएको १० प्रतिशत धरौटी रकम कानून बमोजिम जफत गरिने छ ।

खेस्तेदार
(उपसचिव)

८. लिलाम सकार गरेको सवारी साधन दर्ता गराउने दायित्व डाँक सकार गर्नेको हुनेछ र दर्ताहुने सवारी साधनको प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर वा शुल्क डाँक सकार गर्नेले व्यहोर्नु पर्ने छ ।

९. म्याद नाघि आएको रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

१०. एक व्यक्ति वा फार्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

११. बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस अदालतलाई हुनेछ ।

१२. लिलाम हुने सवारी साधन प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरी मात्र प्रयोग गर्न पाइनेछ ।

१३. लिलाम हुने सवारी साधन हेर्न चाहेमा वा यस सम्वन्धि थप कुरा बुझनुपरे कार्यलय समयभित्र यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नुहोला ।

सेरेस्तेदार
(उपसचिव)